श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. २७२

पुनरावेदन नं. ०७५-RB-०२१६

पुनरावेदन दर्ता मितिः२०७५।१०।२२

मुद्दाः– आयकर (२०७०/०७१) ।

का.जि.का.म.न.पा.वडा नं.२ गैह्रिधारा स्थित सनराईज बैंक लि.(साविक नारायणी नेशनल फाइनान्स) को तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ६३ को रत्न राज बज्रचार्य.....................................................................१ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर............................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं..........................................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु कार्यालयको निर्णय मितिः–२०७५/०३/२९

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/०९/१५

<u>उपस्थित कानून व्यवसायीहरु</u>

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०९।१५ मा भएको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता सनराईज बैंक लिमिटेड (साविक नारायणी नेशनल फाइनान्स) ले आ.व. २०७०/०७१ को लागि आयकर ऐन, (सं.स.) २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. २२,१८,५६,७३६।६० (अक्षेरुपी बाईस करोड अठार लाख छपन्न हजार सात सय छत्तिस रुपैंया साठी पैसा मात्र) कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७१/०९/३० मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७०।०७१ को आय विवरण कर परीक्षणको सिलसिलामा पेश हुन आएको तथा आय विवरण साथ संलग्न कागजात, फाँटबारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट आ.व. २०७०।०७१ को लागि आयकर ऐन, (सं.स.) २०५८ को दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०३।०३ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।०३ मा जारी भएको सूचना करदाताले मिति २०७५।०३।१२ मा बुझि लिई सोको जवाफ मिति २०७५।०३।२४ मा पेश गरेको ।

४. करदाताको आ.व.२०७०।०७१ को लागि रू. २२,१८,५६,७३६।६० (अक्षेरुपी बाईस करोड अठार लाख छप्पन्न हजार सात सय छत्तिस रुपैंया साठी पैसा मात्र) आय कायम गरी

आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठुला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५/०३/२९ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७५/०३/२९ मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सनराईज बैंक लिमिटेड (साविक नारायणी नेशनल फाइनान्स) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०५/२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले दावी गरेको जोखिम व्यहोर्ने कोषमा रहेको खर्च अमान्य गरिएको र शुल्क तथा व्याज सम्बन्धमा आयकर ऐन, २०५८ को १२० (क) बमोजिम ५०% शुल्क गणना गर्ने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०९।१५ मा भएको निर्णय।

७. पुनरावेदक बैंकले नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम नै कर्जाको नोक्सानी वापत जम्मा गरिएको रकमलाई कानूनत खर्च दावी गरिएको र जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा पाँच प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टा गर्न पाउने कुरा समेत आयकर ऐन, २०५८ को दफा ५९(१क) मा स्पष्ट उल्लेख गरेको अवस्था हुदाँहुदै सो खर्चलाई अमान्य गरिएको र आफ्नो वार्षिक आय विवरण एवं सो मुताविक दाखिला गर्नु पर्ने कर रकम भन्दा बढी कर अग्रिम दाखिला गरेकोमा गैरकानूनी रुपमा अनावश्यक शुल्क लगाउने गरी दफा १२०(क) बमोजिम शूरु कर कार्यालयबाट भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत बदर गरी करदाताले पेश गरेको आय विवरण बमोजिम नै आय कायम गरी पाउँ भन्ने समेत वेहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५/१०/२२ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०४/२२ मा भएको आदेश ।

९. यसमा शुरु ठूला करदाता कार्यालय, ललितपुरबाट भएको कर निर्धारण निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५।९।१५ मा भएको प्रशासकीय पुनरावलोकन

सम्बन्धी निर्णय सहितको सक्कल मिसिल झिकाइ पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०८।१५ मा भएको आदेश।

**<u>ठहर खण्ड</u>**

१०. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री सनराईज बैंक लि.(साविक नारायणी नेशनल फाइनान्स) लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको आ.व.२०७०/०७१ को संशोधित कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय लाजिम्पाटबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक करदाताले लिएको पहिलो पुनरावेदन जिकिर जोखिम व्यहोर्ने कोषमा जम्मा गरेको रकमका सम्बन्धमा रहेको पाइयो। करदाताले नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधिनमा रही जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बांकी ऋण रकमको बढीमा पाँच प्रतिशत सम्मको रकमलाई आयकर ऐन, २०५८ को दफा ५९(१क) बमोजिम खर्चको रुपमा कट्टा गरेको र गैर बैकिङ सम्पत्तिको विक्रीमा भएको नोक्सानीलाई समायोजन गरी आय विवरण पेश गरेको हुंदा उक्त खर्च कट्टी पाउनुपर्ने जिकिर लिएको देखियो।आयकर ऐन, २०५८ को दफा ५९(१क) को व्यवस्था आर्थिक ऐन २०७१ द्वारा थप भई मिति २०७१।४।१ देखि प्रारम्भ भएको देखियो।यसरी मिति २०७१।४।१ देखि प्रारम्भ भएको कानूनी व्यवस्थाको आधारमा सो भन्दा अघिल्लो आ.व.२०७०/०७१ को खर्चको हकमा कट्टी पाउनुपर्ने भनी करदाताले लिएको जिकिर पश्चातदर्शी कानूनको सिद्धान्त बमोजिम युक्ति संगत देखिएन।त्यसैले यो शीर्षकको खर्च कट्टी अमान्य हुने गरी प्रत्यर्थी कर कार्यालयहरुबाट भएको निर्णय न्यायोचित नै देखियो।

१३. करदाताको अन्तिम पुनरावेदन जिकिर आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क निर्धारणका सम्बन्धमा रहेको देखिन्छ। करदाताले कानून बमोजिम आय विवरण पेश गरेको अवस्थामा ठूला करदाता कार्यालयले गैरकानूनी तवरले व्याख्या गरी कर निर्धारणको क्रममा बैंकलाई आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गर्ने गरी भएको निर्णय कानून सम्मत नरहेको हुँदा खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १२० मा " *कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिमको शुल्क लाग्नेछ"* भन्ने व्यवस्था गर्दै खण्ड (क) मा *"जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवस झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत"* भनी उल्लेख गरेको र सोही दफाको खण्ड (ख) मा *"जानाजानी वा लापरबाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत"* भनि स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ।करदाताले आ.व.२०७०।०७१ को आय विवरण पेश गर्दा खर्च कट्टी नै नपाउने जोखिम व्यहोर्ने कोषमा जम्मा गरेको रकमको पाँच प्रतिशत खर्च कट्टी दावी गरेको कारण निजको आय विवरण भ्रमपूर्ण हुन पुगेको देखियो।यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) आकर्षित हुने नै देखिँदा ५०% शुल्क निर्धारण गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१४. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता साविक नारायणी नेशनल फाइनान्स कम्पनी (स्थायी लेखा नं. ५०००४८७५७) हाल सनराइज बैंक लिमिटेडको आ.व.२०७०।०७१ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरले मिति २०७५।३।२९ मा जारी गरेको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।९।१५ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः- सनिता लामा
ना.सुः मनिषा अधिकारी
फैसला मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप